11/6 10

*बहुभाषिक*

# सयपत्री

(राष्ट्रिय भाषा, साहित्य र संस्कृतिसंग सम्बन्धित रचनाको सँगालो)

वर्ष : ३ संयुक्ताङ्क : १–२ वैशाख–मङ्सिर, २०५४

*यस अङ्कमा*


| | | | |
|---|---|---|---|
| महाकिराँतीको खोजीमा (अनु.) देवीप्रसाद गौतम | ... | जोर्ज भान ड्रिम | ... १ |
| तमु क्युईह घ्री ङोसेव मीसेव (अनु.)लालबहादुर तमु | ... | वारेन विलियम ग्लोवर | ... १० |
| गुरुङ भाषाः एक परिचय | ... | लालबहादुर तमु | ... २६ |
| जुम्ली भाषिकामा कोटीकार | ... | रामविक्रम सिजापति | ... ४५ |
| विजयपुर | ... | कविताराम | ... ५२ |
| नेपाल भाषा र संस्कृति | ... | जगतबहादुर जोशी | ... ७९ |
| थःगु हे मूर्ति | ... | चित्तधर हृदय | ... ९४ |
| आफ्नै मूर्ति (अनु.) | ... | ध्रुव मधिकर्मी | ... ९७ |
| मझिली के ओरहन | ... | दीपनारायण मिश्र | ... १०१ |
| माइलीको गुनासो (अनु.) | ... | दीपनारायण झा | ... १०५ |
| आसः काट मेएस | ... | बालकृष्ण पोखरेल | ... १०९ |
| दोस्रो विकल्प (अनु.) | ... | बालकृष्ण पोखरेल | ... १२१ |
| सीता | ... | शशिनाथ ठाकुर | ... १३२ |
| सीता (अनु.) | ... | गङ्गाप्रसाद अकेला | ... १४० |
| राजवंशी जातेर ददिकादअ | ... | भूमिलाल राजवंशी | ... १४८ |
| राजवंशी जातिमा ददिकादअ (अनु.) | ... | भूमिलाल राजवंशी | ... १५२ |
| तङ्सिङ् मुन्धुम्मो चइःत् मुन्धुम् | ... | वैरागी काईंला | ... १५५ |
| तङ्सिङ् मुन्धुम्मा सृष्टिवर्णन (अनु.) | ... | वैरागी काइँला | ... १६८ |
| पुस्तक-परिचय | | | |
| मार्फातन थकाली (स्टीफन जौर्ज) | ... | योगेन्द्र प्र. यादव | ... १८१ |
| नेपालमे मैथिली साहित्यिक पत्रकारिताक पहिल प्रयासः नवजागरण | ... | रामभरोस कापडि 'भ्रमर' | ... १८३ |


नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

कमलादी, काठमाडौं

# महाकिराँतीको खोजीमा

जोर्ज भान ड्रिम
लाइडेन

**महाकिराँतीको जन्म**

लिम्बू र दुमी भाषाको व्याकरण व्यवस्थाको अध्ययनपछि म लोहोरुङ भाषाको अध्ययनतर्फ लागें। यो काल पूरा गर्नुभन्दा अघि ई.सं. १९८९ मा मलाई भूटानमा बोलाइयो र भूटानको राष्ट्रभाषा जोङ्खाको पहिलो व्याकरण लेख्न भनियो। यसैगरी भूटान सरकारले मलाई भूटानमा बोलिने विभिन्न भाषाका वक्ता, ती भाषाहरूको पारिवारिक सम्बन्ध तथा ती भाषाहरू बोलिने क्षेत्रको निर्धारणका लागि "भूटानको पहिलो भाषा-सर्वेक्षण" गर्न लगायो। यस अध्ययनको परिणामका रूपमा अन्ततः "भूटानको भाषिक इतिहास र यहाँका भाषाहरू" र भूटान सरकारको भूटानका भाषाका अध्ययन गर्ने र भाषिक परम्पराको संरक्षण गर्ने नीतिअनुसार जोङ्खा विकास समितिअन्तर्गत भूटानको स्थायी भाषिक सर्वेक्षण कार्य पनि सम्पन्न भयो।

यो काम भइरहेकै बेला मैले नेपालमा छँदा पढेका कुनै पनि किराँती भाषासित मिल्ने भाषा भूटानमा पनि छ कि ? भन्ने विषयमा म निकै उत्सुक थिएँ। सर्वेक्षणको सुरु-सुरुतिर त नेपालको किराँती भाषासित मिल्ने कुनै भाषा पाइएन तर मोङ्गर क्षेत्रमा बस्ने गोङ्दुक भाषाको एक जना वक्तालाई भेटेपछि भने म दङ्गदासै भएँ। मैले यस भाषामा किराँती भाषामा झैं क्रिया रूपावली भएको सुराक पाएँ। यसपछि त म गोङ्दुक भाषा बोलिने दुर्गम क्षेत्रतिर हानिएँ। भूटानमा भएको यो पहिलो भाषिक सर्वेक्षण सकिनु अघि नै मैले के थाहा पाएँ भने किराँती भाषाजस्तो क्रिया रूपावली भएको भाषा त जोङ्खा मात्र रहेनछ। कृष्ण पर्वतीय मोन्पा भाषा पनि किराँती भाषा जस्तै रूपावली भएको भाषा

रहेछ। यसपछि मैले यी भाषाहरू किराँती भाषासँग निकै नै नजीक छन् भन्ने अनुमान गरें र मलाई के लाग्न थाल्यो भने यी भाषाहरूको किराँती भाषामित पुर्ख्यौली सम्बन्ध छ। मैले त्यस पुर्ख्यौली सम्बन्धलाई महाकिराँती भन्न रुचाएँ। मैले नेपालमा बोलिने किराँती भाषा र भूटानमा बोलिने लेप्चा भाषाका बीचमा सम्बन्धसूत्र जोडिन सक्ने सम्भावना पनि देखें। गोन्दुक्र भाषाका व्यक्तिवाचक सर्वनामको अध्ययनबाट भविष्यमा हुने अध्ययनले पक्कै पनि यस तथ्यलाई पुष्टि गर्दछन् भन्ने विषयमा म विश्वस्त भएँ। मैले के पाएँ भने एकभन्दा बढी वाक्यभित्रका पदहरूसित संगति सम्बन्धलाई देखाउने रूपावली व्यवस्था त पूरै भोटबर्मेली भाषापरिवारकै विशेषता रहेनछ। (भान ड्रिम, १९९३ब)। अझ परसर्गको योग भएका भोटबर्मेली परिवारका भाषाहरू जति "एउटा शाखा समूहमा पर्दछन् भन्ने कुराले हावा खाइसक्यो" भन्ने डेलन्सी (1989:320) को निचोड तथ्यसम्मत छ। "क्रियाको रूपावलीमा मिल्दाजुल्दा विशेषता भएका भाषाहरू एकै उपशाखा भित्रपर्दछन्" भन्ने निष्कर्ष भारोपेली परिवारका निम्ति हास्यास्पद भाषिक वंश इतिहास मानिन्छ। भोटबर्मेली परिवारका भाषामा पनि यो तथ्य ठ्याम्मै मिल्छ।

यति भएर पनि भूटानमा किराँती वर्गको भाषा वा किराँतीजस्तै भाषाको खोजी गर्ने मेरो उत्कण्ठाले महाकिराँती भाषासमूह बारेको मेरो प्राक्कल्पनालाई मर्न दिएन। स्विस भाषाशास्त्री बाल्थासर बिकेल १९९१ मा भूटान आउँदा मैले ख्यालख्यालमै भूटानमा दुईवटा किराँती समूहका भाषाहरू पाएको कुरा बताएँ। यति गहन विषयबारे हल्का अध्ययन गरेर निष्कर्षमा पुगिहालेको त होइन भन्ने शङ्का गर्दै उहाँले तपाईंले साँच्चै भूटानमा किराँती समूहका भाषा पाउनु भएकै हो के? भनी प्रश्न गर्नुभयो। यस समयसम्ममा यी भाषाहरूबारेको मेरो जानकारी ज्यादै थोरै थियो। गोन्दुक, कृष्ण पर्वतीय मोन्पा र किराँती भाषाको शब्दहरूको बीचको सादृश्यबारे त्यति ज्ञान नभएकाले यस प्रश्नलाई मैले थाती राखें। मेरा भूटानी साथी कर्मा छिरिङ्को घरमा भएको त्यस साँझको यस विषयसम्बन्धी भलाकुसारी उल्लेखनीय उपलब्धिविना नै पन्छाइयो। यसरी म पक्का आधार नपाइएसम्म महाकिराँतीबारेको आफ्नो प्राक्कल्पनामा मस्त भइरहें।

दुर्भाग्यको कुरा नै भन्नुपर्छ, कृष्ण पर्वतीय मोन्पा भाषाको विस्तृत अध्ययनको निष्कर्ष के निस्कियो भने यो भाषा त पूर्वी बोदेलीभित्र पो पर्दो




रहेछ। महाकिराँती वर्गभित्र भने पर्दो रहनेछ। यसै गरी गोन्धुक्र भाषाको सूक्ष्म अध्ययनबाट के पाइयो भने यो भाषा पनि मैले सोचिरहेको महाकिराँतीभित्र पर्दोरहेनछ। भविष्यमा किराँती भाषा र लेप्चा भाषाका बीचको कुनै न कुनै साइनोसम्बन्ध जोडिन सक्छ भन्ने सम्भावनालाई पन्छाउन नमिले तापनि हाललाई कामचलाउका निम्ति नै भन्ठानेर मैले गोन्धुक भाषालाई हिमाली वर्गभित्रको एक छुट्टै उपवर्गभित्र राखें।


### पूर्वी क्षेत्रको अन्वेषणको परिणाम

"भूटानको पहिलो भाषिक सर्वेक्षण" को सारसंक्षेप के रहेको छ भने भूटानमा जम्माजम्मी उन्नाईस भाषाहरू बोलिन्छन्। यीमध्ये तिब्बती भाषाले भूटानभित्रको खास कुनै निश्चित भूभागलाई नसमेट्ने हुँदा यस भाषालाई भूटानको भाषाका रूपमा मान्न केही विचार गर्नुपर्ने हुन्छ। नेपाली भाषा भूटानको मौलिक भाषा नभए तापनि हाल भूटानको एक मुख्य भाषा मानिएको छ। यो भाषा भूटानको दक्षिणी भूभागतिर बोलिन्छ। विभिन्न कामधन्दाका निम्ति भूटानको पूर्वी भागतिर गएकाहरूले बोल्ने नेपाली भाषा भने स्तरीय नेपालीबाट त्यसरी नै बेग्लिँदै छ जसरी अफ्रिकन डच स्तरीय डचबाट बेग्लिँदै गएको छ। जन भान रिबेक केप पुगेको लगत्तैपछि अर्थात् सन् 1653 तिरदेखि नै केपमा डच भाषा बोलिन थालियो। टाढे नेपालीको तुलनामा यो निकै लामो समय हो। तैपनि टाढे नेपाली र अफ्रिकन डचमा निकै समानता पाइन्छ। यी दुवै भाषामा क्रियाको काल र रूपावली व्यवस्थामा परिवर्तन पाइन्छ। अफ्रिकन डचमा अङ्ग्रेजीका आगन्तुक शब्दको भरमार प्रयोग गरिएझैं भूटानमा बोलिने नेपालीमा पनि हिन्दीका आगन्तुक शब्दको बाहुल्य छ। निश्चित् ऐतिहासिक समयमा पूर्वतर्फ बसाइँ-सराइका सिलसिलामा आर्यसंस्कृति र आर्यभाषासित समीकरण गर्दै गरेका व्यक्तिहरू नै मूल रूपमा भूटानी नेपालीका वक्ता भएका छन्। भूटानका नेपालीमा खास गरी तामाङ, गुरुङ, मगर, लिम्बू नेवार र राई जातिहरू छन्। यो स्थिति पनि विभिन्न जातीय समुदाय मिलेर बनेको अफ्रिकनहरूको खिचडी संस्कृतिसित मिल्दछ। भिन्न-भिन्न भाषिक समुदायहरू मिलेर अफ्रिकन भाषा बनेको छ तैपनि यी सबै जर्मन मूलका मानिस नै हुन्। यसैले भूटानको दक्षिणी भूभागमा बोलिने भूटानी नेपालीको अध्ययन भारत-इरानेली भाषा र यसको परिवर्तनको अध्ययनका निम्ति निकै नै महत्त्वपूर्ण छ।

नेपाली भाषालाई अपवादका रूपमा लिँदा भूटानमा बोलिने सबै भाषाहरू भोटबर्मेली परिवारको बोदेली शाखाअन्तर्गत निम्नानुसार पर्दछन् :




छाङ्ला, ह्लोक्पा, लेप्चा र गोन्धुकबाहेक भूटानमा बोलिने सबै भोटबर्मेली परिवारमा भाषाहरू बोदेलीको बोडिस उपशाखाअन्तर्गत पर्दछन् ।[२]




भूटानमा केन्द्रीय वोदिस उपशाखाअन्तर्गत थुप्रै भाषाहरू पर्दछन् । यी मध्येको महत्त्वपूर्ण भाषा दोङ्खा हो जुन भूटानको राष्ट्रभाषाका रूपमा रहेको छ । ऐतिहासिक दृष्टिमा दोङ्खा भाषा भूटानको प्राचीनतम भाषाको बाइबल नै हो र यसको साहित्यले शास्त्रीय तिब्बती भाषालाई अभिव्यक्त गर्दछ । भूटानमा शास्त्रीय तिब्बतीलाई छोके अर्थात् देववाणीका रूपमा लिइन्छ र भूटानभरि निकै शताब्दीसम्म यो भाषा साहित्य र प्रहसनको माध्यम भईआएको छ । दोङ्खा भाषामा 'खा' ले भाषालाई बुझाउँछ र 'दोङ्' अर्थात सैनिक शक्ति सम्पन्न क्षेत्रमा बोलिने भाषालाई दोङ्खा भाषा भनिन्छ । दोङ्खा भाषा पश्चिमी भूटानको डालेङहरूको मातृभाषा हो । पाचौं शताब्दीमा एङ्लो सेक्सनका मानिसहरू महाद्वीपबाट ब्रिटेनमा बसाइँ सरेर आएजस्तै डालोङहरू पनि नवौं शताब्दीमा तिब्बतबाट बसाइँ सरेर आएका हुन् । तिब्बतीबाहेकका माथि उल्लेख गरिएको केन्द्रीय बोदिसअन्तर्गत पर्ने भाषाहरू ब्रोक्पा, बोक्कत, लाखा तथा



कुरुचु उपत्यकामा बोलिने चाखलाग्दो छोचङ्गाच खा नामको भाषा दोङ्खा भाषाका भाइ भाषा हुन् ।

भूटानको पूर्वेली बोदिस भाषालाई प्राचीन पूर्वी बोदिस शाखा र आधुनिक पूर्वी बोदिस शाखामा बाँड्न सकिन्छ । पूर्वी बोदिस शाखाअन्तर्गत पहिले ओले वंशको नामसित जोडिएकोले ओलेखा भनिने कृष्ण पर्वतीय मोन्पाको पूर्वी र पश्चिमी भाषिकाहरू पर्दछन् । आधुनिक पूर्वी बोदिसअन्तर्गत दजाला, छाली, दाक्पा, बुम्थाङ खेङ कुर्तोप र भाषिकाको विकास भई भाँषाका स्तरमा छुट्टिएका मङ्दे, हेङ्खा न्येङ्खा आदप वा फोबिजका भाषाहरू पर्दछन् । पूरै भाषिक तथ्यमा सीमित भएर विचार गर्दा मुम्थङ, खेङरकुरूप भाषालाई एकै महाभुम्यङ् भाषाका भाषिका मान्न पनि सकिन्छ । यदि यसो गर्ने हो भने भूटानमा बोलिने जम्माजम्मी भाषाहरू केवल सत्रवटा मात्र दरिन पुग्छन् । यसरी पूर्वी बोदिस भाषाहरूले भूटानको मध्यवर्ती र उत्तरपूर्वी भाषालाई डम्मै ढाकेको छ ।


पूर्वी भूटानको मुख्य भाषा छङ्ला हो । यो भाषा सार्चोप वा साँचोपका रूपमा चिनिन्छ । यस भाषाको वास्तविक शाखासम्बन्ध अझै पनि अज्ञात नै छ तापनि यसलाई भूटानको पहिलो भाषासर्वेक्षणमा बोदेलीको एक छुट्टै उपशाखाअन्तर्गत राखिएको छ । लेप्चा भाषा चाहिँ भूटानको दक्षिण पश्चिमी भेगमा बोलिन्छ । डोयहरूको भाषा ह्लोक्पू, भूटानको दक्षिणपश्चिमी भेकमा बोलिन्छ । तापनि यसको पहिलेको क्षेत्र चाहिँ पक्कै पनि अझै विस्तृत थियो । अवश्यै प्राचीन ह्लोक्पूकै काँटको कुनै प्राचीन भाषा हुनुपर्छ जसबाट प्राचीन दोङ्खा भाषा विकसित भयो । किराँती भाषासित यस भाषाको शब्द निकै नै मिल्ने हुँदा यसले रोचक तथ्यहरू प्रस्तुत गरेको छ । यस विषयमा विस्तृत रूपमा आधिकारिक अध्ययन अपेक्षित छ । यस भाषामा किराँती भाषामा जस्तो क्रियारूपको संगति व्यवस्था भने छैन । कृष्ण पर्वतीय मोन्पा भाषाबाहेकको भोटु बर्मेली ढाँचाको क्रिया रूपावलीको विस्तृत प्रयोग भएको भूटानी भाषा गोन्धुक मात्र हो । यस भाषामा एकभन्दा बढी वाक्यभित्रका पदहरुसित संगति व्यवस्था पाइन्बछ । यो भाषा खेङ जिल्लाभित्रको कुरुचि क्षेत्रको पंक्तिबद्ध पर्वतमाला भएको भूभागमा बोलिन्छ ।

**महाकिराँती भाषाको प्राप्ति**

बेनेडिक्ट (1991) ले कहिल्यै अस्तित्वमा नदेखिएको कल्पित प्राक्भाषालाई

बुझाउने सन्दर्भमा "प्राचीन प्राक्भाषा" को प्रयोग गरेको छन्। विलियम स्मिथ (1960) द्वारा प्रस्तावित आष्ट्रिक भाषाको पनि यही स्थिति छ। यसैबाट अस्ट्रोनेसियाली र अष्ट्रोसिआटिक (मोनरन्मेर, मुण्डा, निकोबरेसियाली) भाषाहरू विकसित भएका हुन् भन्ने मानिएको छ । कुनै ऐतिहासिक समयमा कुनै भाषाभाषीको मातृभाषासँग नमिल्ने तर तुलनात्मक विधिबाट यस्तो भाषा थियो भनी तयार गरिएको कुनै प्राक्भाषा पुनर्निर्माण गरियो भने त्यस किसिमको कल्पित भाषिक रूपलाई "प्राचीन प्राक्भाषा" मानिन्छ। के महाकिराँती पनि यस्तै प्राचीन प्राक्भाषा हो ?

यस प्रश्नको उत्तर खोज्नुभन्दा पहिले "भूटानका भाषा र तिनको इतिहास" मा मैले प्रस्ताव गरेका हिमाली भाषाहरूको कामचलाउ शाखागत वर्गीकरणलाई हेरौं :




प्राय: चिनियाँ-तिब्बतीपरिवारका भाषाहरूको विभाजन अनिश्चित छ र यस विषयमा टालटुल किसिमको वर्गीकरणलाई नै प्रस्तुत गरिएको छ भन्ने गरिन्छ। मैले यस विषयमा हालै मात्र विभिन्न आधिकारिक तर्कहरू प्रस्तुत गरेको छु र तिब्बत-बर्मेलीको माथिल्लो शाखाको मैले गरेको उपविभाजन पूरै बेग्लै छ (भान ड्रिम, 1994b) । यसमा केही शाखाका उपविभाजन अन्तिम नभई कामचलाउ मात्र भएको कुरा विशेष उल्लेखनीय छ। निश्चय नै पूर्वी बोदिस जस्ता केही समूहहरूले वंशगत विशेषतालाई देखाए तापनि अन्य केही समूहहरू चाहिँ प्राक्कल्पनाका रूपमा नै रहेका छन्। उदाहरणका निम्ति ल्होक्पू भाषालाई हिमालीइतर वर्गमा राख्ने आधार युक्तसंगत मान्नु पनि अनुचित ठहर्छ। वस्तुत: हिमाली वर्गको विभाजन आफैंमा अनुपयुक्त छ।

मैले यहाँ सारेको तर्कको चुरो के हो भने हिमाली भेक प्राक्कल्पनाभन्दा महाकिराँतीको प्राक्कल्पना नै बढी भरपर्दो छ र महाकिराँतीअन्तर्गत कम्तीमा पनि किराँती र नेवारी भाषा पर्दछन्। मेरो के मान्यता छ भने नेवारी र किराँती भाषामा पुर्ख्यौली सम्बन्धसूत्र छ। मेरो यस मान्यतालाई जेनेटीले प्रस्तुत गरेको दोलखाली नेवारी र जोर्जेनसनले प्रस्तुत गरेको शास्त्रीय नेवारीका तथ्यहरूले



पुष्टि गरेका छन्। तुलनात्मक पद्धतिमा गरिएको अध्ययन (भान ड्रिम 1994a) मा के देखाइएको छ भने शास्त्रीय नेवारीका क्रियाहरूले भन्दा दोलखाली नेवारीका क्रियाहरूले प्राक्नेवारीको भाषिक व्यवस्थालाई राम्ररी झल्काएका छन्। शास्त्रीय नेवारीका क्रियाहरूले एकातर्फ दोलखाली नेवारी भाषाका क्रियाले झैं संगतिव्यवस्थालाई देखाएका छन् भने अर्कातर्फ आधुनिक नेवारी भाषाको संयोजन र वियोजन व्यवस्थाको प्राथमिक रूपलाई देखाएका छन्।

दोलखाली नेवारीका क्रियारूपावलीलाई बुझाउने प्रत्ययहरू भोटबर्मेली भाषाका क्रियासंगतिलाई बुझाउने प्रत्ययसित सम्बन्धित छन्। तैपनि दोलखाली नेवारीका क्रियाका केही विशेषताहरूले किराँती भाषासित नजीकको पुर्ख्यौली साइनो भएको कुरालाई औंल्याएका छन्। दोलखाली भाषामा तिब्बत-बर्मेलीको * <.-उ> प्राक्रुपिम प्रत्ययका रूपमा रहेको छ र यस रुपिमले तृतीय पुरुषको संलग्नतालाई देखाउँछ। क्रियारूपावलीका घटकहरूको तुलना एउटा आधार मात्र हो र यसलाई ध्वनितत्त्व र शब्दतत्त्वको नियमित प्रक्रियाबाट पनि परीक्षण गर्नु पर्दछ तापनि रूपावलीसम्बन्धी तुलना निकै दरिलो विश्वसनीय प्रमाण हो र हालसम्म प्राप्त जानकारीअनुसार किराँती र नेवारी भाषाका बीचमा अकाट्य पुर्ख्यौली साइनोसम्बन्ध छ भन्ने कुरातर्फ यस प्रमाणले इङ्गित गरेको छ। किराँती र नेवारी भाषाका ध्वनितत्त्व र शब्दतत्त्वका बीचको नियमित प्रक्रियाको मेसो पाउन सकिने प्रबल सम्भावना छ किनभने विभिन्न विद्वान्हरूले गरेका अध्ययनले किराँती र नेवारी भाषाका बीचमा नजीकको पुर्ख्यौली साइनो भएको कुरातर्फ लक्षित गरेका छन्। यस भाषिक तथ्यले पुराना लेखोटहरूमा उल्लेख गरिएका धेरै पहिले काठमाडौं उपत्यकाका शासक भनिएका किराँतीहरू प्राचीन कालका नेवार नै हुनुपर्छ भन्ने कुराको पुष्टि गरेका छन्। यदि यसो हो भने त्यस समयका ती नेवार शासकहरू भाषिक दृष्टिमा मात्र नभएर जातीय दृष्टिमा पनि किराँतीहरूका दाजुभाइ नै हुन्। मिखाइल वित्जेलको काठमाडौं उपत्यकाको स्थानीय भाषिक पुर्ख्यौलीसम्बन्धी अनुसन्धानको विप्लवकारी परिणाम निस्किएपछि यो विषयमा अझ बढी स्पष्ट हुनेछ।

वर्तमानमा किराँती र नेवारीले भोटबर्मेलीको प्राक्कल्पित एक पुर्ख्यौली वर्गतर्फ सङ्केत गरेकाले मैले यसलाई महाकिराँती नाम जुराएको छु। म पूर्वतिर हिँडेको थिएँ, तर पश्चिममा पो पुगेंछु।

## टिप्पणी

१. यो लेख नोभेम्बर २६, १९९२ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा नेपाल भाषाविज्ञान परिषद्द्वारा आयोजित तेह्रौं वार्षिक गोष्ठीमा प्रस्तुत कार्यपत्रमा आधारित छ ।

२. आरेखमा दिइएको संक्षिप्तीकरण रूप तागुथमले तामाङ्-गुरुङ्-थकाली-मनङ्बालाई बुझाएको छ ।

## सन्दर्भ कृतिसूची


Benedict, Paul K. 1991. "Austric: an 'extinct' proto-language", Davidson, Jeremy, H.C.S., ed., *Austroasiatic Languages: Essays in honour of H.L. Shorto.* London: School of Oriental and African Studies of the University of London, 7-11.

DeLancey, Scott. 1989. 'Verb Agreement in Proto-Tibeto-Burman", *Bulletin of the School of Oriental and African Studies* LII (2), 315-333.

Driem, George van. 1993a. "The Proto-Tibeto-Burman verbal agreement system', *Bulletin of the School of Oriental and African Studies* LVI. (2), 292-334.

——. 1993b. *The Languages and Linguistic History of Bhutan,* Thimpu: Royal Government of Bhutan.

——. 1994a. 'The Newar verb in Tibeto-Burman perspective', *Acta Linguistica Hafniensia 26.*

——. 1994b. 'Language change, conjugation morphology and the Sino-Tibetan Urheimat'. *Acta Linguistica Hafniensia 26.*

Genetti, Carol Elaine. 1990. *A Descriptive and Historical Account of the Dolakha Newari Dialect,* Eugene: University of Oregon, unpublished Ph.D. thesis.

Jørgensen, Hans. 1936a. *A Dictionary of the Classical Newārī* (Det Kongelige Danske Videnskabernes Selskab. Historisk-filologiske Meddelesler XXIII, 1), Copenhagen: Ejnar Munksgaard.

——. 1936b. 'Linguistic remarks on the verb in Newārī, *Acta Orientalia;* (ediderunt Societates Orientales Batava Danica Norvegica) XIV, Leiden: E.J. Brill, 280-5.

——. 1941. *A Grammar of the Classical Newārī* (Det Kongelige Danske Videnskabernes Selskab. Historisk-filologiske Meddelesler XXVII,3), Copenhagen: Ejnar Munksgaard.

Schmidt, Wilhelm. 1906. "Die Mon-Khmer Völkerein Bindeslied Zwischen Völkern Zentral-Asiens und Austronesiens", *Archiv für Anthropologie* 5, 59-109.



*अनुवादक: देवीप्रसाद गौतम*
*नेपाली विभाग त्रि.वि.*
*काठमाडौं*